


# ७ अश्शूरको फौजको पराजय

<u>*यस अध्यायका मूल पदहरू:*</u> यशैया ३६:१, यशैया ३६:२-२०, यशैया ३६:२१-३७:२०, यशैया ३७:२१-३८ र यशैया ३८,३९।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"हे सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्‍वर, करूबहरूका बीचमा विराजमान हुनुहुने, तपाईं परमेश्‍वर हुनुहुन्छ, पृथ्वीका सारा राज्यहरूका तपाईं मात्र परमेश्‍वर हुनुहुन्छ। स्वर्ग र पृथ्वी तपाईंले नै सृष्टि गर्नुभएको हो" (यशैया ३७:१६ रूपान्तरित)।**

एक जना चटक गर्ने मानिस आफ्ना छोराहरूसँग नाङ्गै खुट्टाले हिँड्छन्। अर्को परिवारले आफ्ना सबै सरसामानहरू बैल गाडामा राख्छ र एउटा दुब्लो गोरुँले तान्दछ। एक जना मानिसले त्यस बैल गाडा डोऱ्याउँछ र त्यस गाडामा दुई महिलाहरू बस्छन्। कतिपय गरिबहरूको बैल गाडा हुँदैन, त्यसकारण तिनीहरूले आफ्ना सरसामानहरू आफैले बोकेका हुन्छन्।

जताततै सैनिकहरू छन्। लामो गऱ्हौं लठ्ठाले सहरको मूल ढोका फोर्दछन्। धनुषधारीहरूले सहरको पर्खालहरूलाई सुरक्षित गर्नेहरूलाई बाणको वर्षा गर्छन्। जसको शक्ति उसको भक्ति भनेकै जस्तै बलियाहरू एक आपसमा हाना हान गरेर युद्ध गर्छन् र बलिया सैनिकहरूले कमजोर सैनिकहरूलाई दवाउँछन्।

सहरलाई कब्जा गरेर राजा फूर्तिसाथ सिहाँसनमा बस्दछन्। लडाईंमा जितेका खजानाहरू र युद्धबन्दीहरूलाई राजाको छेऊ ल्याइन्छ। कतिपय युद्धबन्दीहरूको हात बाँधिएको हुन्छ। राजाको अगाडि दयाको भिख माग्छन्। अरू घुँडा टेकेर राजाको सामु लम्पछार पर्छन्। राजा र उसको सिहाँसन अगाडि भइरहेको दृश्यलाई यसरी वर्णन गर्दछ: "सेनाचेरिब, संसारका राजा, अश्शूरका राजा", अनि उनको बारेमा व्यक्त गर्दै लेख्दछन् "नेमुदु-सिहासनमा

राज हुन्छन् र लाखिश सहरमा कब्जा गरेको धन दौलतहरू उनको अगाडि ल्याउँछन् र उनले हेर्दछन्।"-जोन माल्कम रस्सेल, *द राइटिङ्ग अन द वाल (*बिनोना लेक, इन्डियाना, आइजनब्रोनस, १९९९), पृ. १३७,१३८बाट रूपान्तरित।

एक फेरा राजा सनहेरीबको पर्खालमा सजिएका ती चित्रहरू अब ब्रिटिश म्युजियममा छ। उनको दरवार जस्तो भव्य अरू कुनै पनि थिएन भनेर मानिएको थियो। राजाको पर्खालमा एक फेरा सजिएका चित्रहरूले परमेश्वरका दावी गरेका जनहरूको दुर्दशाको बारेमा कोरिएको थियो।

## १. सर्त जोडिएको गठबन्धन (यशैया ३६:१)

**यहूदालाई के भयो? हेर्नुहोस्, २ राजा १८:१३ "१३ हिजकियाका राजकालको चौधौं वर्षमा अश्शूरका राजा सनहेरीबले यहूदाका किल्ला भएका सबै सहरहरूलाई आक्रमण गरेर ती कब्जा गरे।", २ इतिहास ३२:१ "हिजकियाले यी सब भक्तिका कामहरू गरेपछि अश्शूरका राजा सनहेरीबले यहूदामाथि आक्रमण गरे। तिनले यहूदाका किल्ला भएका सहरहरूलाई आफ्नै अधीन गराउने हेतुले ती सहरहरूको बाहिर आफ्नो छाउनी बनाए।" र यशैया ३६:१ "हिजकिया राजाको चौधौं वर्षमा अश्शूरका राजा सनहेरीबले यहूदाको सारा पर्खाल लगाएका सहरहरूलाई आक्रमण गरेर तिनलाई कब्जा गरे।"**

जब विश्वासमा भ्रष्ट भएका राजा आहाजको मृत्यु भयो तब उनका छोरा हेजकिया राजा भए। उनी परमेश्वरको परमभक्त र बफादारी राजा थिए। पूर्ण स्वतन्त्रता गुमिएको राज्यको हकदार हेजकिया हुन पुगेका थिए। उनका पिता आहाजले सिरिया र उत्तर इस्राएलको विरुद्धमा अश्शूरसँग साँठगाँठ राखेका थिए। अश्शूरलाई खुशी पार्न यहूदाले पैसा तिरेका थिए। अश्शूरका राजाले यहूदाबाट पैसा पाएपछि सिरिया र उत्तरी इस्राएललाई निस्क्रिय पारेका थिए। एक फेरा पैसा तिरेर शत्रु देशहरूबाट यहूदा सुरक्षित भएका थियो भने त्यो सुरक्षालाई निरन्तरता दिन यहूदाले अश्शूरलाई जबरजस्ती पैसा दिइरहनु परेको थियो। यो अश्शूरलाई करको रुपमा तिर्नुपरेको थियो। यसको विवरण २ इतिहास २८:१६-२१मा यसरी दिइएको छ, "१६ त्यस बेला राजा आहाजले अश्शूरका राजाकहाँ सहायता मागिपठाए। १७ किनभने एदोमीहरूले फेरि आक्रमण गरी यहूदालाई जितेर कैदी बनाई लगेका थिए। १८ पलिश्तीहरूले पनि पहाड़ र यहूदाको नेगेवका सहरहरू लुटे। उनीहरूले

बेथशेमेश, अय्यालोन र गदेरोत, अनि सोखो, तिम्ना र गिम्जो, तिनका बस्तीहरूसमेत कब्जा गरेर अधिकार गरेका थिए। १९ इस्राएलका* राजा आहाजको कारणले नै परमप्रभुले यहूदालाई विनम्र तुल्याउनुभएको थियो, किनभने यहूदामा तिनले दुष्टता बढ़ाएर तिनी परमप्रभुतर्फ साह्रै नै विश्वासघाती भएका थिए। २० तब अश्शूरका राजा तिग्लत-पिलेसेर तिनलाई सहायता दिन आए, तर तिनलाई सहायता दिनुको सट्टा झन् तिनलाई कष्ट दिए। २१ आहाजले परमप्रभुको मन्दिर, राजाको महल र आफ्ना भारदारहरूबाट केही कुरा लिएर अश्शूरका राजालाई दिए, तर यी सबै व्यर्थ भयो।"

जब अश्शूरका राजा सारगन दोस्रो आफ्नो देशभन्दा बाहिरको टाढा देशमा भएको युद्धमा मारिए तब सनहेरिबले राज्य सम्हाले। यो ई.पू. ७०५मा भएको थियो। त्यसबेला अश्शूर कमजोर देखिन थालेको थियो। बाइबल र अश्शूरको इतिहासले यो देखाउँछ कि अश्शूरको कमजोरीको फाइदा उठाएर हेजकियाले बिद्रोह गरेर सम्पूर्ण यहूदालाई अश्शूरको हातबाट स्वतन्त्र पारे। २ राजा १८:५-७मा यसरी लेखिएको छ "५ हिजकियाले परमप्रभु इस्राएलका परमेश्वरमाथि भरोसा राखे। यहूदाका सबै राजाहरूमध्ये तिनका अघि हुने अथवा तिनीपछि आउने कुनै पनि तिनीजस्ता भएनन्। ६ तिनी परमप्रभुका भक्त भइरहे, र उहाँको पछि लाग्न छोड़ेनन्। परमप्रभुले मोशालाई दिनुभएका आज्ञाहरू तिनले पालन गरे। ७ अनि परमप्रभु तिनीसँग रहनुहुन्थ्यो। तिनले गरेका सबै काममा तिनी सफल भए। तिनी अश्शूरका राजाको विरुद्धमा बागी भए, र उनको सेवा गरेनन्। ८ पलिश्तीहरूको देश गाजा र त्यसको इलाकासम्म, पहरादार बस्ने धरहरादेखि लिएर किल्ला भएको सहरसम्म तिनले जिते।" राजा हेजकियाले आफ्ना छिमेकी राष्ट्रहरूसँग मिलेर अश्शूर देशसँग विद्रोह गरे। उनी यहूदा क्षेत्रमा वरिपरि रहेका साना राष्ट्रहरूसँग अश्शूरको विरुद्धमा नेतृत्व गरेर आक्रामिक भएका थिए।

तर दुर्भाग्यवस राजा हेजकियाले अश्शूरको शक्ति कतिको बलियो थियो भन्ने कुरामा ख्याल गरेनन्। ई.पू. ७०१मा सनहेरीबले आफ्नो साम्राज्यको वरिपरिरहेका राष्ट्रहरूको विद्रोहलाई दवाएका थिए र अनि सिरिया-पालेस्टाइन वा फिलिस्तीहरूको विद्रोहलाई निर्ममपूर्वक दवाए र यहूदामाथि पनि विध्वंस मच्चाए।

**राजा हिजकियाले अश्शूरसँग सामना गर्न कसरी तयारी भए त? हेर्नुहोस् २ इतिहास ३२:१-८ "१ हिजकियाले यी सब भक्तिका कामहरू**

**गरेपछि अश्शूरका राजा सनहेरीबले यहूदामाथि आक्रमण गरे। तिनले यहूदाका किल्ला भएका सहरहरूलाई आफ्नै अधीन गराउने हेतुले ती सहरहरूको बाहिर आफ्नो छाउनी बनाए। २ सनहेरीब आएका छन् र यरूशलेमलाई आक्रमण गर्न अठोट गरेका छन् भनी हिजकियालाई थाहा हुने बित्तिकै, ३ सहरबाहिरका मूलहरूका पानी बन्द गरिदिन तिनले आफ्ना अधिकारीहरू र फौजी अधिकृतहरूसित सल्लाह लिए। तिनीहरूले तिनलाई यस विषयमा सहायता दिए। ४ तिनीहरूले धेरै संख्यामा मानिसहरूलाई जम्मा गरेर देशबाट भएर बग्ने खोला र सबै मूलहरू थुनिदिए। तिनीहरूले यसो भने, "अश्शूरका राजाहरू यहाँ आएर किन प्रशस्त पानी पाऊन्?" ५ तब राजाले मेहनतसाथ सहरको पर्खालका भत्किएका सबै ठाउँहरू राम्ररी मरम्मत गरे र त्यसमा धरहराहरू बनाए। पर्खालको बाहिरपट्टि तिनले अर्को पर्खाल बनाए र दाऊदको सहरका टेवा दिने गाराहरू सुदृढ पारे। तिनले धेरै हातहतियार र ढालहरू पनि बनाए। ६ तिनले मानिसहरूमाथि फौजी अधिकृतहरू नियुक्त गरे, र मानिसहरूलाई सहरको मूल ढोकाको चोकमा भेला गराएर यसो भनी तिनीहरूलाई प्रोत्साहन दिए, "आँटिला र साहसिला होओ। ७ अश्शूरका राजा र उनले ल्याएको यस ठूलो सेनाले तिमीहरूका हृदयमा त्रास नल्याऊन्, किनकि हामीसित उनीहरूभन्दा अझ बढ़ी एक सामर्थी हुनुहुन्छ। ८ उनीहरूसित शारीरिक शक्ति मात्र छ, तर परमप्रभु हाम्रा परमेश्वर हामीलाई सहायता गर्न र हाम्रा निम्ति युद्ध गर्न हामीसित हुनुहुन्छ।" यहूदाका राजा हिजकियाको वचनले गर्दा मानिसहरूको हौसला बढ्यो।"**

जब सनहेरीबले यहूदाको राजधानी यरुशलेमलाई कब्जा गर्ने योजना बनाए भनेर राजा हेजकियाले थाहा पाए तब त्यस अश्शूरको फौजसँग भिड्न ठूलो तयारी गरे। उनले आफ्ना किल्लाहरूलाई बलियो पारे, सैनिकहरूलाई सुसज्जित पारे र राम्रोसँग सङ्गठित गरे। यरुशलेमको पानीको आपूर्तिको सुरक्षालाई मजबूत पारे (२ राजा २०:२०, २ इतिहास ३२:३०)। यरुशलेमको सिलोअममा रहेको पानी आपूर्ति गर्ने उल्लखेनीय सुरुङ्गमा शिलालेख छ। त्यसमा त्यो सुरुङ्गको निर्माण कसरी गरियो भनेर लेखिएको छ। त्यसमा उल्लेख गरिएका मिति अनुसार यरुशलेम कब्जा गर्ने थाहा पाएर त्यस सुरुङ्ग निर्माण गरेको समय राजा हेजकियालाई औंल्याउँछ।

शत्रुसँग युद्ध गर्न राजा हेजकियाले सैनिक बललाई बलियो बनाए र यरुशलेमलाई सुरक्षा गर्न व्यवस्था गरिएकोबाट आफू कुशल अगुवा भनेर

उनले देखाएका थिए। राजा हेजकियाले जनशक्तिमात्र परिचालन गरेनन्, डरले त्राही त्राही भइरहेका मानिसहरूलाई हौशला दिन र तिनीहरूको मनोबल बढाउन आत्मिक नेतृत्व पनि सम्हाले। "तर यहूदाका राजाले शत्रुसँग मुकाबिला गर्न आफ्नो तर्फबाट तयारी हुन निर्णय गरेका थिए। आफूसँग भएको सारा जनशक्ति परिचालन गरिसकेपछि र आफ्नो बुद्धिले भ्यायसम्म सबै थोक सम्पन्त गरिसकेपछि उनले सुरक्षा बलहरूलाई जम्मा गरे र आफ्नो बहादुरी देखाउन हौशला दिए।"-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस्, पृ. ३५१बाट रूपान्तरित।

**राजा हेजकिया परमेश्वरको परमभक्त थिए र उहाँमाथि धेरै भरोसा राखेका थिए, यद्यपि उनले शत्रुको सामना गर्न आफ्नो भरमग्दुर प्रयास किन गरे? के उनको कामले गर्दा उनको विश्वास निकम्मा भएको थियो त? हेर्नुहोस्, फिलिप्पी २:१२,१३। यसमा शत्रुको सामना गर्न सत्य प्रभावकारी शक्ति उपलब्ध गराउने परमेश्वरसँग सहकार्य कसरी गर्नुपर्छ भनेर यसरी देखाइएको छ, "१२ यसकारण मेरा प्रिय हो, जसरी तिमीहरूले सधैं आज्ञापालन गरेका छौ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब झन् बढ़ी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर। १३ किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ।"**

## २. यहूदाको विरुद्धमा धम्काउने प्रचारवाजी (यशैया ३६:२-२०)

अश्शूरका शासकहरू निर्दयी र निरङ्कुसमात्र होइन तिनीहरू चलाक र मगजदार पनि थिए। जब तिनीहरू युद्ध मैदानमा अग्रसर भए तब तिनीहरू आफूहरूले जितेका क्षेत्रहरूको बिनाशमात्र खोजेनन् तिनीहरूको धनदौलत र तिनीहरूमाथि प्रभुत्व गर्ने अधिकार पनि खोजेका थिए। हेर्नुहोस्, यशैया १०:१२-१४ "१२ जब परमप्रभुले सियोन पर्वत र यरूशलेमको विरुद्धमा आफ्ना सारा काम गरिसक्नुहुन्छ, तब उहाँले भन्नुहुनेछ, "म अश्शूरका राजाको हृदयको स्वेच्छाचारी अभिमान र घमण्डी आँखाको कारण त्यसलाई दण्ड दिनेछु। १३ किनकि त्यसले भन्छ, 'मेरै हातको बल र मेरै बुद्धिमानीले मैले यो गरेको हुँ, किनकि मेरो समझशक्ति छ। मैले जाति-जातिको सिमाना हटाएँ, र तिनीहरूका भण्डारहरू लुटेको छु। एउटा पराक्रमी व्यक्तिझैं मैले तिनीहरूका राजाहरूलाई दमन गरेको छु। १४ कसैले चराको गुँड़मा हात लम्काएझैं मेरो

हात जाति-जातिहरूका धन-सम्पत्तिसम्म पुगेको छ। छोड़िराखेका अण्डालाई कसैले बटुलेझैं मैले सबै देशहरूलाई बटुलें। तर त्यहाँ कसैले एउटै पखेटा चलाएन अथवा चूँ-चूँ चीं-चीं कसैले गरेन'।"

सकेसम्म अश्शूरका राजाहरूले आफूले जित्न चाहेका देशका मानिसहरूलाई आत्मसमर्पण गर्न उक्साउँथे किभने आफ्ना सैनिक वा स्रोतहरूलाई पहिला परिचालन गरेर खेर फाल्न चाहेका थिएनन्। त्यसकारण जब लाकिश सहरलाई कब्जा गर्दै गरेको समयमा सनहेरीबले आफ्नो ठूलो अधिकारीलाई यरुशलेममा पठाए। त्यस अधिकारीको पदलाई राबशाकेह भनेर सम्बोधन गरिन्छ। त्यो दूत जो सेनापति पनि हुन्थ्यो, उसको काम यरुशलेममा आफ्नो देशको शक्तिको प्रचारबाजी वा प्रोपगण्डा गरेर यरुशलेममा जनताहरूको मनस्थितिलाई जित्ने थियो।

**यहूदाका मानिसहरूको सातोपुल्टो लिन र दवाउन राबशेकेह वा सेनापतिले के तर्कहरू प्रस्तुत गरेर प्रचारवाजी गऱ्यो? हेर्नुहोस्, यशैया ३६:२-२० "१ हिजकिया राजाको चौधौं वर्षमा अश्शूरका राजा सनहेरीबले यहूदाको सारा पर्खाल लगाएका सहरहरूलाई आक्रमण गरेर तिनलाई कब्जा गरे। २ अनि अश्शूरका राजाले युद्धका एउटा सेनापतिलाई ठूलो सेनासमेत लाकीशबाट यरूशलेममा हिजकिया राजाकहाँ पठाए। जब उनी धोबीको खेतको मूल बाटोमा भएको माथिल्लो पोखरीको कुलोनेर उभिए, ३ तब राजदरबारका प्रशासक हिल्कियाहका छोरा एल्याकीम, सचिव शेब्ना, र आसापका छोरा लेखापाल योआ बाहिर निस्केर उनीकहाँ आए। ४ युद्धका सेनापतिले तिनीहरूलाई भने, "हिजकियालाई भन, 'महाराजाधिराज, अश्शूरका राजा यसो भन्नुहुन्छ, तिमी के आशामा भरोसा गरिरहेछौ? ५ तिमीसित लड़ाइँको योजना र सैनिक बल छ भनी तिमी भन्छौ, तर तिमी त केवल फोस्रा कुरा गर्दछौ। तिमी कसमाथि भरोसा गरिरहेका छौ र मेरो विरुद्धमा बागी भएका छौ? ६ हेर, तिमी अब भाँचिएको निगालोको लौरोमा भरोसा राख्छौ, अर्थात् मिश्रदेशमा, जसमा कोही मानिस भर पऱ्यो भने, त्यसले त्यसको हातमा चोट पार्नेछ। मिश्रदेशका राजा फारोमाथि भर पर्ने सबैका निम्ति उनी यस्तै छन्। ७ अनि "हामी आफ्ना परमप्रभु परमेश्वरमाथि भर पर्दछौं" भनी यदि तिमी मलाई भन्छौ भने, के उहाँ उही हुनुहुन्न, जसका अल्गा-अल्गा ठाउँहरू र जसका वेदीहरू हिजकियाले यहूदा र यरूशलेमलाई यसो भन्दै हटाए, "तिमीहरूले यस वेदीको सामुन्ने आराधना गर्नुपर्छ"? ८ " 'यसकारण आओ, मेरा मालिक अश्शूरका राजासित**

सौदा गर। म तिमीलाई दुई हजार घोड़ा दिनेछु। हेरौं, तीमाथि तिमी सवार
चढ़ाउन सक्छौ कि सक्दैनौ? ९ रथहरू र घोड़ाहरूका निम्ति मिश्रदेशमाथि भर
परे तापनि कसरी तिमी मेरा मालिकका अधिकृतहरूमध्येका एक जना साना
अधिकृतलाई पनि धपाउन सक्छौ? १० यसबाहेक के म यस देशलाई आक्रमण
गरी नष्ट पार्न परमप्रभुविना आएको छु? परमप्रभुले नै मलाई "त्यस देशमा
गएर त्यसलाई नष्ट गर्" भनी भन्नुभएको छ'।" ११ तब एल्याकीम, शेब्ना र
योआले युद्धका सेनापतिलाई भने, "बिन्ती छ, तपाईंका दासहरूसित आरमेइक
भाषामा बोल्नुहोस्, किनकि हामी त्यो भाषा बुझ्छौं। पर्खालमा भएका
मानिसहरूले सुन्ने गरी हिब्रू भाषामा हामीसित नबोल्नुहोस्।" १२ तर युद्धका
सेनापतिले भने, "के मेरा मालिकले तिमीहरू र तिमीहरूका मालिककहाँ मात्र
यी कुरा भन्न मलाई पठाउनुभएको हो र? के उहाँले मलाई पर्खालमा बस्ने
मानिसहरूकहाँ पनि पठाउनुभएको होइन र– जसले तिमीहरूले जस्तै आफ्नै
दिसा खानुपर्छ र आफ्नै पिसाब पिउनुपर्नेछ?" १३ तब युद्धका सेनापति खड़ा
भए, र ठूलो सोरमा हिब्रू भाषामा यसो भने, "महाराजाधिराज अश्शूरका राजाका
कुरा सुन! १४ महाराजा यसो भन्नुहुन्छ, हिजकियाले तिमीहरूलाई धोका
नदिओस्, किनकि त्यसले तिमीहरूलाई छुटाउन सक्नेछैन! १५ हिजकियाले
तिमीहरूलाई यसो भनेर परमप्रभुमाथि भरोसा गर्न पनि नलाओस्, 'परमप्रभुले
निश्चय नै हामीलाई छुटकारा दिनुहुनेछ। उहाँले यो सहर अश्शूरका राजाको
हातमा सुम्पिदिनुहुनेछैन'। १६ "हिजकियाको कुरा नसुन। अश्शूरका महाराजा
यसो भन्नुहुन्छः तिमीहरू मसित मिलाप गर, र निस्केर मकहाँ आओ। तब
तिमीहरू हरेकले आ-आफ्नो दाखको फलबाट र नेभाराको फलबाट खाऔला, र
आ-आफ्नो पानीको कुण्डबाट पानी पिऔला, १७ जबसम्म म आएर तिमीहरूकै
जस्तो अन्न र नयाँ दाखमद्य अनि रोटी र दाखबारीले भरिएको देशमा
तिमीहरूलाई लैजाँदिनँ। १८ "हिजकियाले तिमीहरूलाई यसो भनेर भ्रममा
नपारोस्, 'परमप्रभुले हामीलाई छुटकारा दिनुहुनेछ'। के जाति-जातिका कुनै
देवताले आफ्नो देशलाई अश्शूरका राजाको हातबाट कहिल्यै बचाउन सकेको
छ र? १९ हमात र अर्पादका देवताहरू कहाँ छन्? सपर्बेम देवताहरू कहाँ
छन्? के तिनीहरूले सामरियालाई मेरो हातबाट छुटाएका छन्? २० यी
देशहरूका देवताहरूमध्ये कसले आफ्नो देशलाई मेरो हातबाट बचाउन सकेको
छ र? तब परमप्रभुले यरूशलेमलाई मेरो हातबाट कसरी बचाउन सक्नुहोला
त?" यही विवरण २ राजाहरू १८:१७-३६मा पनि यसरी दोहोऱ्याइको छ,

"१७ अश्शूरका राजाले आफ्ना सर्वोच्च सेनापति, आफ्ना मुख्य अधिकृत र आफ्ना रणभूमिका सेनापतिलाई एउटा ठूलो सेनाको साथमा लाकीशबाट यरूशलेममा हिजकिया राजाकहाँ पठाए। उनीहरू उक्लेर यरूशलेममा आए, र धोबीको खेतमा जाने माथिल्लो पोखरीको कुलोनेरको बाटोमा अड़िए। १८ उनीहरूले राजा बोलाइपठाए, अनि राजमहलका सञ्चालक हिल्कियाहका छोरा एल्याकीम, सचिव शेब्ना र आसापका छोरा लेखापाल योआ उनीहरूसँग भेट गर्नलाई गए। १९ रणभूमिका सेनापतिले तिनीहरूलाई भने, "हिजकियालाई भनः " 'अश्शूरका महाराजा यसो भन्नुहुन्छः '२० तिमीहरू केमा भर परेर भरोसा गर्दैछौ? तिमीसित युद्ध-कला र सैनिक बल छन् भनी तिमी भन्छौ– तर तिमी त हावाको कुरा मात्र बोल्दछौ। तिमी कसमाथि भरोसा गरेर मेरो विरुद्धमा बागी भयौ। २१ अब हेर, तिमी मिश्रदेशमाथि भरोसा गर्दैछौ। त्यो त एउटा चिराचिरा पारिएको नर्कटजस्तै मात्र हो, जसमाथि कोही भर पर्छ भने त्यसले मानिसको हात घोच्छ र त्यसलाई चोट लाग्छ। त्यसमाथि भरोसा राख्ने सबैका निम्ति मिश्रदेशका राजा फारो त्यस्तै त छ। २२ अनि यदि तिमी "हामी त परमप्रभु हाम्रा परमेश्वरमाथि भरोसा गर्दैछौं" भनेर भन्छौ भने, के त्यो त्यही होइन, जसका अल्गा-अल्गा ठाउँहरू र वेदीहरूलाई हिजकियाले हटाएर यहूदा र यरूशलेमलाई यसो भनेका थिए, "तिमीहरूले यरूशलेममा भएको यस वेदीको सामुन्ने उपासना गर्नुपर्छ"? २३ " 'अब मेरा मालिक अश्शूरका राजासँग सौदा गर्नुहोस्। यदि सवार गर्नेहरू पाउन सक्नुहुन्छ भने म तपाईंलाई दुई हजार घोड़ाहरू दिनेछु। २४ मेरा मालिकका अधिकारीहरूमध्येका सबैभन्दा साना अधिकृतलाई पनि तपाईं कसरी पछि हटाउन सक्नुहुन्छ र– यद्यपि तपाईं रथहरू र घोड़चढ़ीहरूका निम्ति मिश्रदेशमाथि भरोसा गर्नुहुन्छ। २५ अरू कुरा, के परमप्रभुको वचनविना आक्रमण गर्न र यस देशलाई नाश गर्न म आएको हुँ? परमप्रभु आफैले नै मलाई "यस देशलाई आक्रमण गरेर त्यसलाई सर्वनाश गर्नू" भनी भन्नुभएको छ'।" २६ तब हिल्कियाहका छोरा एल्याकीम, शेब्ना र योआले ती रणभूमिका सेनापतिलाई भने, "कृपा गरी तपाईंका दासहरूसित आरमेइक भाषामा बोल्नुहोस्, किनभने त्यो भाषा हामी बुझ्छौं। पर्खालमा भएका मानिसहरूले सुन्ने गरी हिब्रू भाषामा नबोल्नुहोस्।" २७ तर सेनापतिले जवाफ दिए, "के तिमीहरूका मालिक र तिमीहरूलाई मात्र यो कुरा भन्न मेरा मालिकले मलाई पठाउनुभएको हो र? के पर्खालमा बस्ने यी मानिसहरूलाई पनि होइन र? तिमीहरूले जस्तै तिनीहरूले आफ्नै मलमूत्र

खानुपर्नेछ?" २८ तब ती सेनापति खड़ा भएर हिब्रू भाषामा कराएर भने, "महाराजाधिराज अश्शूरका राजाको वचन सुन। २९ राजा यसो भन्नुहुन्छः हिजकियाले तिमीहरूलाई धोका नदिओस्। मेरो हातबाट त्यसले तिमीहरूलाई छुटाउन सक्दैन। ३० 'परमप्रभुले निश्चय नै हामीहरूलाई छुटकारा दिनुहुनेछ, र यो सहर अश्शूरका राजाको हातमा सुम्पिदिइनेछैन' भनी तिमीहरूलाई परमप्रभुमाथि भरोसा गर्न हिजकियाले खुरन्धार नलागोस्। ३१ "हिजकियाको कुरा नसुन। अश्शूरका राजा यसो भन्नुहुन्छः "मसित सन्धि गर, र मकहाँ बाहिर निस्किआओ। तब तिमीहरू हरेकले आ-आफ्नो लहराको फल र नेभाराको फल खानेछौ, र आफ्नै कूवाको पानी पिउनेछौ, ३२ जबसम्म तिमीहरूलाई अनाज र नयाँ दाखमद्य, अन्न र दाखबारी, भद्राक्षका रूखहरू र मह भएको देश, तिमीहरूको आफ्नै देशजस्तो एउटा देशमा म आएर लानेछैनँ। मृत्युको सट्टा जीवन चुन! "हिजकियाको कुरा नसुन। 'परमप्रभुले हामीहरूलाई बचाउनुहुनेछ' भनी त्यसले त तिमीहरूलाई धोका दिँदैछ। ३३ के कुनै जातिको देवताले आफ्नो देशलाई अश्शूरका राजाको हातबाट बचाउन सकेको छ र? ३४ हमात र अर्पादका देवताहरू कता गए? सपर्बेम, हेना र इव्वाका देवताहरू खोइ त? के तिनीहरूले सामरियालाई मेरो हातबाट बचाए त? ३५ के यी देशहरूका सबै देवताहरूमध्ये कसैले आफ्नो देशलाई मेरो हातबाट बचाउन सकेको छ? परमप्रभुले यरूशलेमलाई मेरो हातबाट कसरी बचाउन सक्छ र?" ३६ तर मानिसहरू सबै चूपचाप बसे र जवाफमा केही पनि भनेनन्, किनभने राजाले यस्तो हुकुम दिनुभएको थियो, "उनलाई जवाफ नदिनू।" २ इतिहास ३२:९-१९ले पनि यही विवरणलाई यसरी पुष्टि गर्दछ "९ त्यसपछि उनी र उनका सेनाले लाकीशको वरिपरि घेरा हालिरहेको बेलामा अश्शूरका राजा सनहेरीबले यहूदाका राजा हिजकिया र यरूशलेमका सबै यहूदीहरूलाई यो समाचार दिन भनी यरूशलेममा अधिकृतहरू पठाएः १० "अश्शूरका राजा सनहेरीब यो भन्दछन्: घेरा हालिएको यरूशलेममा बस्न तिमीहरूलाई कहाँबाट यस्तो साहस आयो? ११ जब 'परमप्रभु तिमीहरूका परमेश्वरले अश्शूरका राजाको हातबाट बचाउनुहुनेछ' भनी हिजकियाले तिमीहरूलाई भन्छन्, तब तिमीहरू बसेकै ठाउँमा तिमीहरूलाई अनिकाल अथवा तिर्खाले मार्नलाई तिनले तिमीहरूलाई धोखामा पार्दैछन्। १२ के हिजकिया आफैले यी नै ईश्वरका अल्गा-अल्गा ठाउँहरू र वेदीहरू भत्काएर 'यहूदा र यरूशलेमका मानिसहरूलाई एउटै मात्र वेदीमा पूजा गर्नू र त्यहाँ मात्र बलिदान चढ़ाउनू'

**भनी भनेका थिएनन् र? १३ "म र मेरा पुर्खाहरूले अरू देशदेशका सबै मानिसहरूलाई के-कसो गऱ्यौं सो तिमीहरूलाई थाहै छैन? के यी जातिहरूका देवताहरूले मेरो हातबाट यिनीहरूका देशहरू बचाउन सके र? १४ मेरा पुर्खाहरूले सत्यनाश गरेका जातिहरूका देवताहरूमध्ये कसले मेरो हातबाट आफ्ना मानिसहरूलाई बचाउन सक्यो? तब कसरी तिमीहरूका ईश्वरले तिमीहरूलाई बचाउन सक्छन्? १५ तिमीहरूलाई यसरी धोका दिन र भ्रममा पार्न हिजकियालाई मौका नदेओ। तिमीहरू तिनीमाथि विश्वास नगर, किनकि कुनै देवताले आफ्ना मानिसहरूलाई मेरो अथवा मेरा पुर्खाहरूका हातबाट बचाउन सकेको छैन भने, तिमीहरूका ईश्वरले तिमीहरूलाई मेरो हातबाट कसरी बचाउन सक्छन् र?" १६ सनहेरीबका अधिकृतहरूले परमप्रभु परमेश्वर र उहाँका सेवक हिजकियाका विरुद्धमा अझै ज्यादा भने। १७ राजा आफैले यसो भनेर परमप्रभु इस्राएलका परमेश्वरलाई तुच्छ ठानेर पत्रहरू लेखेः "जसरी अरू देशका देवताहरूले आफ्ना मानिसहरूलाई मेरो हातबाट बचाउन सकेनन्, त्यसरी नै हिजकियाका ईश्वरले पनि आफ्ना मानिसहरूलाई मेरो हातबाट बचाउन सक्नेछैनन्।" १८ तब उनीहरूले सहर कब्जा गर्नलाई यरूशलेमको पर्खालमा उभिने मानिसहरूलाई हिब्रू भाषामा डर र त्रासले आतङ्क पार्न चर्को सोरमा नारा लाए। १९ मानिसका हातले बनाएका पृथ्वीका अरू मानिसहरूका देवताहरूलाई गरेझैं उनीहरूले यरूशलेमका परमेश्वरलाई निन्दा गरे।"**

राबशेकेह वा सनहेरीबका अधिकृतहरूले यहूदाका मानिसहरूलाई त्राही त्राही बनाउन अत्यन्तै तर्साउने तर्क प्रस्तुत गरेका थिए। इजिप्ट वा मिश्रदेशमाथि तिमीहरू भरोसा राख्न सक्दैनौ किनभने उनी कमजोर र भरपर्दो छैन। तिमीहरू तिमीहरूकै परमेश्वरमाथि पनि भर पर्न सक्दैनौ र उहाँले तिमीहरूलाई सहायता गर्न सक्नुहुन्न। राजा हेजकियाले उहाँलाई रिस उठाउनुभएको छ किनकि पहाडका टुप्पाहरूमा भएका देविदेवतालाई पूजा गर्ने मन्दिरहरू राजाले भत्काइ दिएका छन् र सबै बेदीहरू हटाइ दिएका छन्। यहूदाभरि भएका ती पूजा गर्ने ठाउँहरू हटाएर केवल यरुशलेममा भएको बेदीमामात्र आराधना गर्नु भनेर राजा हेजकियाले आदेश दिएका छ। साँच्चै भनौं भने तिमीहरूको परमेश्वर अश्शूरको पक्षमा हुनुहुन्छ। उहाँले नै यहूदालाई नष्ट गर्न हाम्रा राजा सनहेरिबलाई आदेश दिनुभएको छ। हामीसँग भएका २००० घोडाहरूलाई परास्त्र गर्न तिमीहरूसँग तालिम पाएका मानिसहरू धेरै छैन।

तिमीहरूको देशलाई घेरा गरेर तिमीहरूलाई भोकभोकै राखिनेछ। तिमीहरूले पानी पनि पिउन पाउनेछैनौ। त्यसकारण आत्मसमर्पण गर र तिमीहरूप्रति राम्रै व्यवहार गर्नेछ। यो निश्चय गर कि राजा हेजकियाले तिमीहरूलाई बचाउनै सक्दैन। अश्शूरले जितेका कुनै पनि देशहरूका देवताहरूले ती देशका जनताहरूलाई बचाउन सकेका छैनन्। तिमीहरूको परमेश्वरले पनि तिमीहरूलाई बचाउन सक्छ भनेर ठान्दै नठान्नु।

**के राबशाकेह वा सनहेरीबको अधिकृतले सत्य बोलिरहेको थियो त?**

उक्त अधिकृत वा सनहेरीबको दूतले प्रस्तुत गरेका तर्कहरूमा कतिपय सत्य भएकोले उसको कुरो प्रभावकारी र मन जित्ने खालको थियो। उसको तर्कहरूलाई पुष्टि गर्न उसले नबोलेका दुई वटा तर्कहरूले साथ दिएको थियो। प्रथमतः उक्त अधिकृत वा सेनापति भर्खर लाकिश सहरलाई जितेर आएको थियो। त्यो सहर यहूदाबाट केवल ३० माइल वा ४५ किलोमिटरमात्र थियो। त्यो सहर बलियो किल्लाले घेरिएको थियो। तर त्यस सहरका बीरहरूले अश्शूरहरूको सेनासँग भिड्न सकेको थिएन। दोस्रोमा, उससँग अत्यन्तै शक्तिशाली अश्शूरहरूको सेना थियो (यशैया ३६:२)। अश्शूरको फौजसँग कुनै पनि देशहरू भिड्न सकेको थिएन। उत्तरी इस्राएलको राजधानी सामरियालाई पनि अश्शूरले जितेको थियो (२ राजा १८:९,१०)। मानवीय हिसाबले हेर्दा यरुशलेम खतम हुने कुरोमा यहूदाका मानिसहरू विश्वस्त थिए (हेर्नुहोस् यशैया १०:८-११ "८ त्यसले भन्छ, 'के मेरा सेनापतिहरू सबै राजा होइनन् र? ९ के कल्नोले कर्कमीशजस्तै भोगेन र? के हमात अर्पादजस्तै र सामरिया दमस्कसजस्तै छैन र? १० जसरी मेरो हातले मूर्तिहरूका राज्यहरूलाई कब्जा गऱ्यो, जसको खोपेर बनाएका मूर्तिहरू यरूशलेम र सामरियाका मूर्तिहरूभन्दा धेरै थिए, ११ त के मैले सामरिया र त्यसका मूर्तिहरूलाई व्यवहार गरेझैं यरूशलेम र त्यसका मूर्तिहरूलाई व्यवहार नगर्ने'?" राजा हेजकियाले अरू देवीदेवताहरूलाई पूजा गर्ने र बलि दिने विभिन्न ठाउँहरूलाई नाश गरेर यरुशलेमकै मन्दिरमामात्र परमेश्वरको आराधना गर्न दिएको आदेश (२ राजा १८:४, २ इतिहास ३१:१)को बारेमा राबशकेह वा अश्शूरको अधिकृतले भनेको कुरो ठिक थियो। तर जुन आत्मिक वा अध्यात्मिक सुधार हेजकियाले ल्याए के त्योदेखि परमेश्विर रुष्ट हुनुभएको थियो त? ती मानिसहरूको आशा केवल परमेश्वरमात्रै बाँकि थियो। के परमेश्वरले

तिनीहरूलाई बचाउन सक्नुहुन्छ वा बचाउनुहुन्छ होला? यो प्रश्नको जवाफ केवल परमेश्वरकै हातमामात्र थियो!

**के तपाईं पनि त्यस खालको परिस्थितिलाई सामना गर्नुभएको थियो जुन मानवीय हिसाबमा सुल्झिने कुरा देखिन्दैनथ्यो? तपाईंले कस्तो कदम चाल्नुभयो? यदी तपाईंले सामना गर्नभएको थियो भने त्यसबाट के पाठ सिक्नुभयो?**

## ३. डरले थुरथुर त कामियो तर परमेश्वरलाई विश्वास गर्नबाट पछि हटेनन् (यशैया ३६:२१-३७:२०)

**जब अश्शूरका राबशेकह वा सेनापतिले यहूदाका मानिसहरूलाई थरथर बनाउने प्रभावकारी भाषणद्वारा धम्कि दियो तब राजा हेजकिया र उनका भारदारहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस् देहायका पदहरू, "२ राजा १८:३७-१९:४ "३७ तब राजमहलका सञ्चालक हिल्कियाहका छोरा एल्याकीम, सचिव शेब्ना र आसापका छोरा लेखापाल योआले आफ्ना-आफ्ना लुगा च्याते, र हिजकिया राजाकहाँ आएर रणभूमिका सेनापतिले भनेका कुरा सुनाइदिए।-"१ जब हिजकिया राजाले यो सुने, तब तिनले आफ्ना लुगा च्याते, र भाङ्ग्रा लाएर परमप्रभुको मन्दिरभित्र पसे। २ तिनले राजमहलका सञ्चालक एल्याकीम, सचिव शेब्ना र मुख्य-मुख्य पूजाहारीहरूलाई सबैले भाङ्ग्रा लाएर आमोजका छोरा अगमवक्ता यशैयाकहाँ पठाए। ३ तिनीहरूले तिनलाई भने, "हिजकिया यसो भन्नुहुन्छः जसरी बच्चा जन्मनै लाग्दा त्यसलाई जन्माउन बल हुँदैन, आजको दिन कष्ट, निन्दा र तिरस्कारको दिन भएको छ। ४ सायद परमप्रभु तपाईंका परमेश्वरले ती रणभूमिका सेनापतिका सबै कुरा सुन्नुहुनेछ होला, जसलाई उनका मालिक अश्शूरका राजाले जीवित परमेश्वरलाई गिल्ला गर्न पठाएका थिए, र परमप्रभु तपाईंका परमेश्वरले सुन्नुभएको कुराको कारण उहाँले उनलाई हप्काउनुहोला। यसकारण अझै बाँचेकाहरूका निम्ति प्रार्थना चढ़ाइदिनुहोस्।" र यशैया ३६:२१-३७:४ "२१ तर मानिसहरू चूप लागिबसे, र उनलाई जवाफमा एउटै कुरा पनि भनेनन्। किनकि उनलाई केही जवाफ नदिनू भन्ने राजाको हुकुम थियो। २२ तब राजदरबारका प्रशासक हिल्कियाहका छोरा एल्याकीम, सचिव शेब्ना र आसामका छोरा लेखापाल योआले आफ्ना लुगा च्याते, र हिजकियाकहाँ आएर युद्धका सेनापतिका कुरा तिनलाई सुनाए।".."१ जब हिजकिया राजाले यो कुरा सुने, तब तिनले आफ्नो**

**लुगा च्याते, र भाङ्ग्रा लगाएर परमप्रभुको मन्दिरमा पसे। २ तिनले राजदरबारका प्रशासक एल्याकीम, सचिव शेब्ना र पूजाहारीमध्येका प्रमुखहरूलाई भाङ्ग्रा लगाएर आमोजका छोरा यशैयाकहाँ पठाए। ३ तिनीहरूले तिनलाई भने, "हिजकिया राजा यसो भन्नुहुन्छः आजको दिन दुःख, गाली खाने र अपमानको दिन छ, बालकहरू जन्मन लाग्दा जन्माउने ताकत नभएजस्तो भएको छ। ४ शायद परमप्रभु तपाईंका परमेश्वरले युद्धका सेनापतिको कुरा सुन्नुहुनेछ, जसलाई त्यसका मालिक अश्शूरका राजाले जीवित परमेश्वरको निन्दा गर्न पठाएका छन्, र परमप्रभु तपाईंका परमेश्वरले सुन्नुभएको त्यस वचनको कारण उहाँले उनलाई हप्काउनुहुनेछ। यसकारण बाँचेकाहरूका निम्ति तपाईंले प्रार्थना गरिदिनुहोस्।"**

शत्रुको धम्किदेखि भित्री हृदयदेखि नै थुरथुर कामेर शोकले विह्वल भएर राजा हेजकिया परमेश्वरतिर फर्के। त्यस मामिलामा परमेश्वरलाई बिन्ति चढाओस् भनेर नम्र भएर राजा हेजकिया यशैयाको हस्तक्षेप खोजे। त्यही यशैयाको सल्लाहलाई उनका पिताले वेवास्ता गरेका थिए।

**राजाको नम्रता र परमेश्वरप्रति देखाएको भक्ति र भरोसाको कदर गर्दै परमेश्वरले हेजकियालाई कसरी हौशला दिनुभयो? हेर्नुहोस् यशैया ३७:५-७ "५ जब हिजकियाका अधिकृतहरू यशैयाकहाँ आए, ६ यशैयाले तिनीहरूलाई भने, "तिमीहरूले आफ्ना मालिकलाई यसो भन, 'परमप्रभु भन्नुहुन्छः अश्शूरका राजाका सेवकहरूले मलाई निन्दा गरेका तिमीले सुनेको कुरादेखि तिमी नडराऊ। ७ सुन, म त्यसभित्र एउटा यस्तो आत्मा हालिदिनेछु, कि कुनै हल्ला सुनेर त्यो आफ्नो देशमा फर्केर जानेछ र म त्यहाँ त्यसलाई तरवारले मार्न लाउनेछु'।"**

हेजकियाको निम्ति परमेश्वरबाट यशैयाले पाएको सन्देश छोटो थियो तैपनि त्यो पर्याप्त थियो। परमेश्वर आफ्ना मानिसहरूको पक्षमा हुनुहुन्थ्यो। सनहेरीबले यस्तो हल्ला सुन्नेछन् कि यहूदामाथि आक्रमण नगर्न उनलाई बहकाइने छ यशैयाले भविष्यवाणी गरेका थिए। यो भविष्यवाणी तत्कालै पूरा भएको थियो।

आफ्नो अधिकृत वा सेनापतिको चातुर्य भाषणलाई जनताले वास्ता नगरेकोमा सनहेरीब केही हदसम्म हडबढाएका थिए तर हारचाहीं खाएको थिएन। उनले हेजकियालाई यस्तो धम्कि सन्देश पठाइएको थियो "९ अब मिश्रका राजा कूशी तिर्हाकाह उनीसित लड्न आइरहेका छन् भन्ने कुरा

सनहेरीबले सुने। जब उनले यो कुरा सुने, तब उनले हिजकियाकहाँ यसो भनेर दूतहरू पठाएः १० “यहूदाका राजा हिजकियालाई भनः जुन ईश्वरमाथि तिमी भर परेका छौ, तिनले ‘यरूशलेमलाई अश्शूरका राजाको हातमा दिनेछैनन्’ भनी तिमीलाई धोका नदिऊन्। ११ सारा देशलाई बिलकुलै नाश गरेर अश्शूरका राजाले के गरेका छन् सो त तिमीले सुनेकै छौ। अनि के तिमीले चाहिँ छुटकारा पाउँछौ र? १२ के मेरा पुर्खाहरूले नाश गरेका जातिहरूलाई तिनीहरूका ईश्वरहरूले छुटाउन सके–? १३ हमातका राजा, अर्पादका राजा, सपर्बेम सहरका राजा, हेना अथवा इव्वाका राजाहरू कहाँ गए?” (यशैया ३७:९-१३) र २ इतिहास ३२:१७ "राजा आफैले यसो भनेर परमप्रभु इस्राएलका परमेश्वरलाई तुच्छ ठानेर पत्रहरू लेखेः “जसरी अरू देशका देवताहरूले आफ्ना मानिसहरूलाई मेरो हातबाट बचाउन सकेनन्, त्यसरी नै हिजकियाका ईश्वरले पनि आफ्ना मानिसहरूलाई मेरो हातबाट बचाउन सक्नेछैनन्।”

यस बखत राजा हेजकिया अश्शूरका राजाको सन्देशपत्र लिएर सिधै परमेश्वरको मन्दिरभित्र पसे र करुबहरूभन्दा माथि रहनुभएका परमप्रभुको सामुन्ने त्यो पत्र फैलाए (यशैया ३७:१४-१६ "१४ हिजकियाले दूतहरूका हातबाट पत्र पाएर पढ़े। तब परमप्रभुको मन्दिरमा गएर हिजकियाले परमप्रभुको सामुन्ने त्यो पत्र खोलेर राखिदिए। १५ अनि हिजकियाले परमप्रभुलाई प्रार्थना गरे, १६ “हे सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर, करूबहरूका बीचमा विराजमान हुनुहुने, पृथ्वीका सारा राज्यहरूका तपाईं मात्र परमेश्वर हुनुहुन्छ। स्वर्ग र पृथ्वी तपाईंले नै सृष्टि गर्नुभएको हो।"

**राजा हेजकियाले जसरी प्रार्थना गरे त्यसले यरुशलेमको सङ्कट कस्तो भयाभव थियो भनेर देखाउँछ? हेर्नुहोस्, यशैया ३७:१५-२० "१५ हिजकियाले दूतहरूका हातबाट पत्र पाएर पढ़े। तब परमप्रभुको मन्दिरमा गएर हिजकियाले परमप्रभुको सामुन्ने त्यो पत्र खोलेर राखिदिए। १५ अनि हिजकियाले परमप्रभुलाई प्रार्थना गरे, १६ “हे सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर, करूबहरूका बीचमा विराजमान हुनुहुने, पृथ्वीका सारा राज्यहरूका तपाईं मात्र परमेश्वर हुनुहुन्छ। स्वर्ग र पृथ्वी तपाईंले नै सृष्टि गर्नुभएको हो। १७ हे परमप्रभु, आफ्नो कान थापेर सुन्नुहोस्। हे परमप्रभु, आफ्ना आँखा खोलेर हेर्नुहोस्। सनहेरीबले जीवित परमेश्वरको निन्दा गर्नलाई पठाएका सबै कुरा ध्यानसित सुन्नुहोस्। १८ “हे परमप्रभु, यो साँचो हो, अश्शूरका**

**राजाहरूले सबै जातिहरू र तिनीहरूका देशहरूलाई समेत उजाड़ परेका छन्, १९ उनीहरूले तिनीहरूका देवताहरूलाई आगोमा फालेका छन् र सर्वनाश गरेका छन्, किनकि तिनीहरू ईश्वर नै होइनन्, तर मानिसका हातले बनाएका काम, काठ र ढुङ्गा मात्र हुन्। २० अब हे परमप्रभु हाम्रा परमेश्वर, हामीलाई उनका हातबाट छुटाउनुहोस्, र पृथ्वीका सारा राज्यहरूले थाहा पाऊन् कि तपाईं मात्र परमप्रभु परमेश्वर हुनुहुन्छ।"**

यथार्थमा सनहेरीबले हेजकियामाथि भौतिक आक्रमण गर्ने धम्किमात्र दिएन उनको पत्रले हेजकियाको सबभन्दा सुरक्षित बललाई नै हवाला दिएका थिए: त्यो थियो परमेश्वरमाथि उनको आस्था र भरोसा। राजा हेजकिया कम्मर कसेर आफ्नो बाहुबल देखाउनुको सट्टा परमेश्वर आफू को हुनुहुन्छ भनेर देखाउन बिन्ति चढाए। "ताकि यस पृथ्वीमा भएका सारा राज्यहरूले थाहा पाउन् कि तपाईं एकमात्र परमेश्वर हुनुहुन्छ" (यशैया ३७:२० रूपान्तरित)।

**राजा हेजकियाको प्रार्थना (यशैया ३७:१५-२०) ध्यान दिएर पढ्नुहोस्। परमेश्वरको कुन पक्षहरूलाई लिएर उनको प्रार्थना केन्द्रित भएको थियो? हामीहरूले नै सामना गर्ने व्यक्तिगत शङ्कटमा परमेश्वरप्रति बफादार भइरहन त्यस प्रार्थनामा के नीतिहरू देख्न सकिन्छ जसले हामीलाई पनि हौशला र बल प्रदान गर्दछ?**

## ४. बाँकि कथा (यशैया ३७:२१-३८)

सनहेरीबले आफ्नो बिजयको बारेमा अभिलेख राखेका थिए। त्यसमा उनले ४६वटा मजबुत किल्लाहरूले घेरिएका सहरहरू कब्जा गरेको, यरुशलेमलाई कब्जा गरेको र यहूदी राजा हेजकियालाई "यरुशलेममको आफ्नै दरवारमा पिजँडामा सुगाजस्तो बन्दक बनाइएको" लेखिएको छ-जेम्स बी. प्रिटचार्ड, सम्पादक, आन्सिएन्ट नियर इस्टर्न टेक्स्टस रिलेटिङ्ग टु द ओल्ड टेस्टामेन्ट (प्रिन्सटन, न्यु जर्सी: प्रिन्सटन, १९६९), पृ. २८८बाट रूपान्तरित। आफ्नो अभिमानलाई जतिसुकै प्रख्यात बनाउन प्रचारबाजीतिर झुकाव भएतापनि उनले लेखेका कुरामा वा कुनै पनि चित्रहरूले सनहेरीबले यरुशलेमलाई नै कब्जा गरेको दावी गर्न सकिएको थियो। यरुशलेमलाई नै कब्जा गरेको दावी सनहेरीबले उल्लेख नगरिएको मानवीय दृष्टिकोणले आश्चर्यजनक छ। कसैले दवाउन नसकिने सनहेरीबको शक्तिको बिरूद्धमा

राजा हेजकियाले बिद्रोह गरेको परिप्रेक्षमा उनले यरुशलेमलाई कब्जा गरेको दावी गर्न नसकेको कुरा अचम्म लाग्दो छ। कतिपय समयमा कुनै देशले अश्शूको विरुद्धमा बिद्रोह गरिएको थियो त्यो विद्रोह क्षणिकमात्रै हुन्थ्यो र त्यसको नतिजाले विद्रोहीहरूको निर्ममतरिकाले हत्या गरिन्थ्यो।

बाइबलमा लेखिएको विवरण नभएतापनि विद्वानहरूले यो दावी गर्न कर भएको देखाउँछ कि सनहेरीबले यरुशलेमलाई कब्जा गर्न नसेको कुनै अपार शक्तिको कारणले हो। सनहेरीबले आफ्नो दरवार जसको कुनै प्रतिद्वन्धी नभएको भनेर कहलाइन्थ्यो त्यसका भित्ताहरूमा लाकिश सहरलाई सफलतासँग कब्जा गरेको चित्रहरू कुँदिएको थिए। आफ्नो इज्जत बचाउन पनि उनले त्यो फुर्ति देखाएर चित्रबाट आफ्नो अभिमान र यश देखाउन खोजेका थिए। तर ती चित्रहरूमा यरुशलेम सहर हुनुपर्थ्यो। परमेश्वरको अनुग्रहले त्यो हुन दिएन। सनहेरीबले आफ्नो बाँकि कथा बताएनन् तर बाइबलले बताउँदछ।

**सनहेरीबको बाँकि कथा कस्तो थियो त? हेर्नुहोस्, यशैया ३७:२१-३८ "२१ तब आमोजका छोरा यशैयाले हिजकियाकहाँ यसो भनी समाचार पठाए, "परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः तिमीले अश्शूरको राजा सनहेरीबको विषयमा मसँग प्रार्थना गरिस्, २२ यसकारण त्यसको विरुद्धमा परमप्रभुले भन्नुभएको वचन यही हो, "सियोनकी कन्येछोरीले तिमीलाई ठट्टा र खिसी गरेकी छ। यरूशलेमकी छोरीले तिम्रो पछि शिर हल्लाउनेछे। २३ तिमीले कसको ठट्टा र निन्दा गरेका छौ? कसको विरुद्धमा तिमी ठूलो सोरले कराएका छौ र तिमीले घमण्डले हेरेका छौ? के इस्राएलका परमपवित्रको विरुद्धमा होइन? २४ तिम्रा समाचारवाहकद्वारा तिमीले परमप्रभुको थुप्रै निन्दा गरेका छौ। र तिमीले भनेका छौ, 'मेरा धेरै रथहरूको दलसमेत म पहाड़हरूका टाकुरामा चढें, लेबनानका टाकुरासम्मै। त्यसका अल्गा-अल्गा देवदारुहरू र त्यसका असल-असल सल्लाका रूखहरू ढालेको छु। म त्यसका सबैभन्दा टाढ़ाका टाकुरामा र सुन्दर वनसम्मै पुगेको छु। २५ मैले विदेशहरूमा इनार खनेको छु र त्यहाँ पानी पिएको छु। मेरा खुट्टाका पैतालाले मिश्रदेशका सबै नदीहरू सुकाएको छु'। २६ "के तिमीले सुनेका छैनौ? मैले त्यो उहिले नै निश्चय गरेको थिएँ। प्राचीन समयमा नै मैले योजना बनाएको थिएँ। त्यो कुरो मैले अब पूरा गरें कि तिमीले किल्ला भएका सहरहरूलाई ढुङ्गाको थुप्रो बनायौ। २७ तिनका बासिन्दाहरूको शक्ति घटेर गएकोले तिनीहरू आत्तिए र लज्जित भए, तिनीहरू मैदानका घाँसझैं, कमला र हरिया**

बिरुवाझैं, छतमा उम्रिरहेका र बढ्न अघि नै सुकिहालेको घाँसझैं भए। २८ "तर तिमी कहाँ बस्छौ अनि तिमी कहिले आउँछौ र जान्छौ अनि मेरो विरुद्धमा तिमी रिसाएका छौ भनी म जान्दछु। २९ तिमी मेरो विरुद्धमा रिसाएको हुनाले, र तिम्रो शेखी मेरो कानमा परेको हुनाले, म मेरो बल्छी तिम्रो नाकमा र मेरो लगाम तिम्रो मुखमा लगाएर तिमीलाई तिमी आएकै बाटोतिर फर्काउनेछु।" ३० "हे हिजकिया, तिम्रो निम्ति चिन्ह यही हुनेछः "यो वर्षचाहिँ आफै उम्रेको कुरो तिमीहरूले खानेछौ, र दोस्रो वर्षचाहिँ त्यहींबाट उम्रेको, तर तेस्रो वर्षचाहिँ तिमीहरू छर, कटनी गर, दाखबारी लगाओ र तिनका फल फलाओ। ३१ "यहूदाका घरानाबाट बाँचेकाहरूले फेरि तलतिर जरा हाल्नेछन्, र माथितिर फल फलाउनेछन्। ३२ किनभने यरूशलेमबाट एउटा बाँचेको भाग र सियोन पर्वतबाट जीवितहरूको एक दल निस्कनेछ। सर्वशक्तिमान् परमप्रभुको जोशले यो गर्नेछ। ३३ "यसकारण अश्शूरका राजाको विषयमा परमप्रभु यो भन्नुहुन्छः त्यो यस सहरमा आउनेछैन अथवा त्यसले एउटै काँड हान्नेछैन। त्यो यसको सामुन्ने ढाल लिएर आउनेछैन, न त यसको विरुद्धमा कुनै घेरा-मचान बनाउनेछ। ३४ जुन बाटो भएर त्यो आयो, त्यही बाटो भएर त्यो फर्कनेछ, र त्यो यस सहरमा पस्नेछैन," परमप्रभु भन्नुहुन्छ। ३५ "मेरो आफ्नै खातिर र मेरो दास दाऊदको खातिर म यो सहर रक्षा गर्नेछु र बचाउनेछु!" ३६ तब परमप्रभुका दूत गएर अश्शूरीहरूको छाउनीमा एक लाख पचासी हजार मानिसहरूलाई मारे। मानिसहरू बिहान उठ्दा उनीहरूले ती सबै लाशहरू देखे। ३७ यसैले अश्शूरीहरूका राजा सनहेरीब निनवेमा फर्केर गए, र त्यहीं बस्न लागे।

३८ एक दिन जब उनी आफ्नो देवता निस्रोकको मन्दिरमा पूजा गर्दैथिए तब उनका छोराहरू अद्रम्मलेक र शरेसेरले उनलाई तरवारले मारे, अनि उनीहरू भागेर आरारात देशमा गए। त्यसपछि उनको सट्टामा उनका छोरा एसरहदोनले राजा भएर शासन गर्न लागे।"

परमेश्वरमाथि पूरा भरोसा राखेर प्रार्थना गरेकोलाई कदर गरेर परमेश्वरले यशैयामार्फत आफ्नो सन्देश पठाउनुहुन्छ। यहूदालाई रक्षा गर्ने पूर्ण विश्वास दिलाउँदै राजाहरूका राजाकै अनुहारमा हिलो छ्याप्ने आँट गर्ने अभिमानी अश्शूरका राजाको बिरुद्धमा परमेश्वरको क्रोध उम्लेको सन्देश यशैयाले दिएका थिए (यशैया ३७:२३)। अनि यरुशलेमलाई सुरक्षा दिने

परमेश्वरको आफ्नो प्रतिज्ञा तुरन्तै पूरा भएको थियो (२ राजा १९:३५-३७, २ इतिहास ३२:२१,२२ र यशैया ३७:३६-३८)।

ठूलो आपद वा सङ्कटले ठूलै अचम्मको काम हुन अपेक्षा गरिएको हुन्छ। हो, यहूदाको निम्ति सनहेरीबको चुनौति र धम्कि ठूलै थियो। सेनहरीबसँग १८५,०००को सैनिक शक्ति थियो। तर ती सबै रातारातै अचम्म तरिकाले मर्न पुग्यो। त्यसकारण, सनहेरीबले केही गर्न सकेन। उनी आफ्नो देश वा घर फर्के। त्यहाँ उनले आफ्नै मृत्युको सामना गरे (यसबारे यशैयाले गरिएको भविष्यवाणी यशैया ३७:७-३८मा उल्लेख गरिएको छ।

"अभिमानी, स्वेच्छाचारी र घमण्डी अश्शूरमाथि हिब्रूहरूको परमेश्वरले जित्नुभएको थियो। यहूदाका वरिपरि रहेका देशहरूको सामु यहोवालाई गर्नुपर्ने सम्मान र इज्जत देखाइएको थियो। यरुशलेमका जनताहरूको हृदय पवित्र उल्लासले भरिएको थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्स्,* पृ. ३६१बाट रूपान्तरित। यो पनि थाहा पाउनु जरुरी छ कि यदि सनहेरीबले यरुशलेमलाई जितेको भए उनले यहूदाका मानिसहरूलाई यस्तरी त्यहाँबाट निकाल्थे कि तिनीहरूको अस्तित्व र पहिचान नै रहने थिएन। उत्तरी इस्राएलको गति त्यस्तै भएको थियो। यदि एक उल्लेखनीय दृष्टिकोणले हेर्ने हो भने सनहेरीबले यहूदी बँश नै यस्तरी सखाप पार्थे कि त्यस जातिबाट मसीहको जन्म हुने थिएन। ती यहूदीहरूको कथा त्यहीँ अन्त्य हुने थियो। तर परमेश्वरले आशालाई जीवितै राख्नुभएको थियो।

**यदि बाइबललाई विश्वास नगर्ने वा बाइबलका परमेश्वरलाई विश्वास नगर्ने कसैले यो प्रश्न सोध्यो भने तपाईंले कसरी जवाफ दिनुहुन्छः के अश्शूरका सेनाहरू अश्शूरमै जन्मेको कारणले तिनीहरूको आमहत्या हुनु उचित थियो त? परमेश्वरले चाल्नुभएको कदमलाई तपाईंले व्यक्तिगतरुपमा कसरी बुझ्नुभएको छ?**

## ५. बिरामीमा र सम्पन्नतामा (यशैया ३८,३९)

यशैया ३८ र ३९ (२ राजा २०)मा विशेष घट्नाहरूको विवरण उल्लेख गरिएको छ। ती घट्नाहरू परमेश्वरले हेकजियालाई सेनहेरीबबाट उद्धार गर्नुभन्दा ठीक अगाडि भएका थिए। त्यसबेला यशैया ३७ ( २ राजा १९ )मा चित्रण गरिएको अनुसार यहूदाको उद्धार गरिएको थिएन। त्यसबेला

यशैया ३८:५,६ र २ राजा २०:६ अनुसार यहूदाले अश्शूर देशबाट हुने आक्रमणको त्रास भइरहेको थियो।

"हेजकियाको मृत्यु र यरुशलेमको पतन ल्याउन शैतान प्रयत्नशील थियो। यदि हेजकियालाई पन्छाइयो भने उनले यहूदामा ल्याउने सुधारको प्रयत्न रोकिन्थ्यो र यरुशलेमको पतन निश्चय हुन्थ्यो। त्यसले गर्दा शैतानको प्रयास सफल हुन्थ्यो।"-*द एसडीए बाइबल कमेन्टरी, ठेली,* ४, पृ. २४०बाट रूपान्तरित।

**माथि व्यक्त गरिएको कुराले परमेश्वरका जनहरूको निम्ति असल नेतृत्व हुनुपर्ने किन जरुरत छ भनेर हामीलाई बताउँछ?**

**हेजकिया असाध्यै बिरामी परेका थिए। आफूलाई निको पार्न उनले परमेश्वरप्रति ठूलो बिन्तिभाऊ गरेका थिए। उनको प्रार्थना परमेश्वरले सुन्नुभएको थियो र त्यसको जवाफमा उनलाई निको पार्नुभएको थियो। परमेश्वरप्रति हेजकियाको आस्थालाई अनुमोदन गर्न उहाँले कस्तो चिन्ह वा शङ्केत दिनुभएको थियो? हेर्नुहोस्, "१ ती दिनमा हिजकिया बिरामी भएर मर्नै लागेका थिए। आमोजका छोरा अगमवक्ता यशैया तिनीकहाँ आएर भने, "परमप्रभु यही भन्नुहुन्छः तिम्रो घरलाई ठीकठाक पार्, किनभने तिमी मर्नेछौ। तिमी निको हुनेछैनौ।" २ तब हिजकियाले भित्तातिर फर्केर परमप्रभुलाई प्रार्थना चढ़ाए, ३ "हे परमप्रभु, सम्झना राख्नुहोस्, म तपाईंको सामुन्ने कस्तो विश्वास र सम्पूर्ण हृदयको भक्तिसाथ हिँड़ेको छु, र तपाईंको दृष्टिमा जे असल छ त्यो गरेको छु।" अनि हिजकिया धुरुधुरु रोए। ४ यशैया बीचको चोकबाट बाहिर जान अघि परमप्रभुको यो वचन तिनीकहाँ आयोः ५ "फर्केर मेरो प्रजाको अगुवालाई भन्, 'तिम्रो पुर्खा दाऊदका परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः मैले तिम्रो प्रार्थना सुनें र तिम्रो आँसु देखें। म तिमीलाई निको पार्नेछु। आजको तेस्रो दिन तिमी परमप्रभुको मन्दिरमा जानेछौ। ६ म तिम्रो आयु अरू पन्ध्र वर्ष बढ़ाइदिनेछु। अनि तिमीलाई र यस सहरलाई अश्शूरको राजाको हातबाट छुटाउनेछु। मेरो आफ्नै खातिर र मेरो दास दाऊदको खातिर म यस सहरको रक्षा गर्नेछु'।" ७ तब यशैयाले भने, "नेभाराको लेप बनाएर लगाउनू।" तिनीहरूले त्यसै गरे, र त्यो तिनको पिलोमा लगाइदिए र तिनी निको भए। ८ हिजकियाले यशैयालाई सोधेका थिए, "म निको हुनेछु र तेस्रो दिनमा परमप्रभुको भवनमा जानेछु भनी परमप्रभुले मलाई के चिन्ह दिनुहुनेछ?" ९ यशैयाले जवाफ दिए, "तपाईंलाई परमप्रभुको चिन्ह यही हुनेछ, कि परमप्रभुले**

जे प्रतिज्ञा गर्नुभएको छ त्यो काम हुनेछ। घामको छाया दश कदम अगि सरोस्, कि दश कदम पछि सरोस्? १० हिजकियाले भने, "घामको छाया दश कदम अगि सर्नु त सजिलो छ। त्यो दश कदम पछि सरोस्।" ११ तब यशैया अगमवक्ताले परमप्रभुमा पुकारा गरे, र परमप्रभुले आहाजको सिँढ़ीमा छाया दश कदम पछि सारिदिनुभयो।" (२ राजाहरू २०:१-११) र "६ म तिमीलाई र यस सहरलाई अश्शूरका राजाको हातबाट छुटकारा दिनेछु। म यस सहरको रक्षा गर्नेछु।

" 'परमप्रभु आफैले प्रतिज्ञा गर्नुभएको कुरो गर्नुहुनेछ भन्ने परमप्रभुको चिन्ह तिमीलाई यो हुनेछः ८ आहाजको सिँढ़ीमा घामको छाया, जो तल गइसकेको छ, म दश खुट्किला पछि सार्नेछु'।" यसैले घामको छाया तलतिर गएको भए तापनि दश खुट्किला पछि सऱ्यो।" (यशैया ३८:६-८)।

त्यसपछि हेजकियाको प्रतिक्रिया "९ बिरामी परेर निको भएपछि यहूदाका राजा हिजकियाले लेखेका कुराः १० मैले भनें, "के मेरो आयुको मस्त जवानीमा नै मृत्युको ढोकाभित्र जानुपर्ने र मेरो आयुको शेष भाग हरण हुने?" ११ मैले भनें, "म परमप्रभुलाई फेरि देख्नेछैनँ, जीवितहरूको देशमा परमप्रभुलाई म देख्नेछैनँ। मानव-जातिलाई म अब देख्नेछैनँ, न त संसारमा अहिले बस्नेहरूसँग म हुनेछु। १२ गोठालाको पालझैं मेरो घर भत्काएर मबाट खोसी लगियो। जुलाहाले लुगा बेहेरेझैं मैले मेरो जीवन बेहेरेको छु, र उहाँले मलाई तानबाट काटिदिनुभएको छ। दिन र रातभरिमा नै तपाईंले मेरो अन्त गराइदिनुभयो। १३ बिहानसम्म म धैर्यसाथ पर्खिबसें। तर सिंहले झैं उहाँले मेरा सबै हड्डी भाँच्नुभयो। दिन र रातभरिमा नै तपाईंले मेरो अन्त गराइदिनुभयो। १४ गौंथलीझैं वा सारिका चराझैं म चिरबिर गर्थें। ढुकुरझैं विलाप गर्थें, माथितिर हेर्दा-हेर्दा मेरा आँखा टट्टाइसके। हे परमप्रभु, म दुःखमा परेको छु। तपाईं मलाई सहायता गर्नुहोस्।" १५ तर म अब के भन्न सक्छु र? उहाँ मसित बोल्नुभयो, र उहाँले नै यो गर्नुभयो। मेरो प्राणको यो सुर्ताको कारण म मेरो सारा जीवनभरि नै नम्र भएर हिँड्नेछु। १६ हे परमप्रभु, यी नै कुराद्वारा मानिसहरू जिउँछन्, र मेरो आत्माले पनि तिनमा नै जीवन पाउँछ। तपाईंले मलाई स्वस्थ पार्नुभयो, र मलाई बाँच्न दिनुभयो। १७ निश्चय नै मेरो भलाइको निम्ति मैले यस्तो वेदना सहनुपऱ्यो। तपाईंले मलाई प्रेम गरेर विनाशको खाड़लबाट जोगाउनुभयो। तपाईंले मेरा सबै पाप आफ्नै पछिल्तिर राख्नुभयो। १८ पातालले तपाईंको प्रशंसा गर्न सक्दैन। मृत्युले तपाईंको

**प्रशंसा गर्न सक्दैन। खाड्लमा जानेहरूले तपाईंका विश्वस्तताको आशा गर्न सक्दैनन्। १९ जीवित, जीवितले मात्र तपाईंको प्रशंसा गर्छ, जसरी आज म गरिरहेछु। बाबुहरूले आफ्ना छोराछोरीहरूलाई तपाईंको विश्वस्तताको विषयमा वर्णन गर्छन्। २० परमप्रभुले मलाई उद्धार गर्नुहुनेछ, र हामी आफ्ना जीवनभरि परमप्रभुको मन्दिरमा तार-बाजाहरूसित भजन गाउनेछौं। २१ यशैयाले यसो भनेका थिए, "नेभाराको लेप बनाएर हिजकियाको पिलोमा लगाइदेओ, र तिनी निको हुनेछन्।" २२ हिजकियाले यसो भनेर सोधेका थिए, "म परमप्रभुको मन्दिरमा जानेछु भन्ने चिन्ह के हुनेछ?" (यशैया ३८:९-२२)।**

परमेश्वरले प्रदान गर्नुहुने चिन्हहरूलाई राजा आहाजले अस्वीकार गर्दा (यशैया ७) अश्शूरको हातबाट खतरा उत्पन्ने गर्ने घट्नाहरू उनले निम्त्याएको थियो। अब उनको छोरो हेजकियाले परमेश्वरसँग चिन्ह माग्नुभएको थियो (२ राजा २०:८)। उनको पिताले ल्याएको सङ्कटको सामना गर्न शक्तिसम्पन्न गराउन परमेश्वर अघि सर्नुभएको थियो। घाम झुल्कन पछि पार्ने भन्ने कुरो त केवल आश्चर्य कामलेमात्र हुनसक्थ्यो।

बेबिलोनका विद्वानहरूले आकाश मण्डलका ग्रहहरूको चाल अध्ययन गर्थे र तिनीहरूको गतिलाई ठीकसँग लेखजोखा राख्थे। त्यसले गर्दा सूर्यको अनौठो चाल देखेर ती विद्वानहरू अचम्म मानेका थिए र त्यसको कारण के होला भनेर सोच्दै थिए। यसै समयमा बेबिलोनका राजा **मरोदकबलदानले** आफ्ना राजदूतहरूलाई यहूदामा पठाउनु कुनै संयोगको कुरो थिएन। हेजकियाको चङ्गाइसँग सूर्यको अचम्मको चालको सम्बन्ध भएको ती बेबिलोनका विद्वानहरूले थाहा पाएका थिए।

अब हामीलाई थाहा छ परमेश्वरले यो विशेष चिन्ह किन चुन्नुभयो। जसरी पूर्वबाट ज्ञानी मानिसहरूलाई बेथलहममा चम्किएको तारालाई पछ्याउँदै ल्याइएका थिए त्यसरी नै सूर्यको गतिलाई प्रयोग गरेर बेबिलोनका मानिसहरूलाई यहूदामा ल्याइएको थियो। यो समय ती मानिसहरूले सत्य परमेश्वरको बारेमा जान्ने अत्यन्तै उल्लेखनीय अवसर थियो। बेबिलोनका राजा **मरोदकबलदान** अश्शूरबाट स्वतन्त्र हुन आफ्नो जीवनभरि लागेका थिए। उनको निम्ति शक्तशाली राष्ट्रको सहयोगको आवश्यकता थियो। त्यसैकारण उनले हेजकियासँग सम्पर्क राख्ने उनको नियत थियो। यदि हेजकियाको अनुरोधले सूर्य आफै पछि हट्यो भने उनले अश्शूरलाई के मात्र गर्न सक्थ्यो होला?

जब ती बेबिलोनका राजदूतहरू हेजकियाकहाँ आए तब परमेश्वरको महिमा गर्ने र बेबिलोनीहरूलाई उहाँतिर ध्यान पठाउने सुनौलो अवसर राजाले गुमाए। त्यसको असर के भएको थियो त? परमेश्वरको निम्ति गवाही वा साछी हुनुको सट्टा राजा हेजकियाले आफ्नै धनदौलत देखाएर आफ्नो गौरब, यश र सान देखाए। त्यसबाट हामीले के पाठ सिक्नुपर्दछ? हेर्नुहोस् यशैया ३९ "१ त्यस बेला बेबिलोनका राजा बलदानका छोरा मरोदकबलदानले हिजकियाकहाँ चिठ्ठी र सौगातका साथमा राजदूतहरू पठाए। उनले तिनी बिरामी भएर फेरि निको भएका छन् भन्ने सुनेका थिए। २ हिजकियाले ती राजदूतहरूलाई सहर्ष स्वागत गरे, र उनीहरूलाई आफ्नो भण्डारका सुन, चाँदी, मसलाहरू, सुगन्धित तेलहरू, आफ्ना सारा हतियार-गृह र आफ्नो कोषमा भएका सबै सामानहरू देखाइदिए। आफ्नो महल र आफ्नो राज्यमा तिनले उनीहरूलाई नदेखाएको कुनै पनि थोक थिएन। ३ तब यशैया अगमवक्ता हिजकिया राजाकहाँ आएर भने, "ती मानिसहरूले के भने, र उनीहरू कहाँबाट आएका थिए?" हिजकियाले भने, "उनीहरू टाढ़ा देश बेबिलोनबाट मकहाँ आएका थिए।" ४ अगमवक्ताले सोधे, "उनीहरूले तपाईंको दरबारमा के-के देखे?" हिजकियाले भने, "उनीहरूले मेरो दरबारमा भएका सारा चीजहरू देखे। मेरो भण्डारमा मैले उनीहरूलाई नदेखाएको कुरा केही छैन।" ५ तब यशैयाले हिजकियालाई भने, "सर्वशक्तिमान् परमप्रभुको वचन सुन्नुहोस्ः ६ त्यो समय निश्चय नै आउनेछ, जब तिम्रो दरबारमा भएका तिम्रा पुर्खाहरूले आजको दिनसम्म सञ्चय गरेका सबै थोक बेबिलोनमा लगिनेछन्, केही पनि छोड़िनेछैन, परमप्रभु भन्नुहुन्छ। ७ तिम्रा कतिपय सन्तान, जन्मिएका तिम्रा रगत र मासु त्यहाँ कैदमा लगिनेछन्, र तिनीहरू बेबिलोनका राजाको महलमा नपुंसक बन्नेछन्।" ८ हिजकियाले जवाफ दिए, "तपाईंले भन्नुभएको परमप्रभुको वचन असलै छ।" किनकि तिनले विचार गरे, "मेरो जीवनकालभरि त शान्ति र सुरक्षा हुनेछ।" (यशैया ३९)।

## उपसंहारः

**थप जानकारीः** "केवल परमेश्वरको सिधै हस्तक्षेपद्वारामात्रै सूर्यको सुई दस डिग्री पछाडि हट्न सक्थ्यो। परमेश्वरले राजा हेजकियाको प्रार्थना सुन्नुभयो भन्ने त्यो चिन्ह वा प्रमाण थियो। त्यसै अनुसार 'अगमवक्ताले परमेश्वरसँग ठूलो स्वरले घामलाई पछाडि फर्काउन प्रार्थना गरे। परमेश्वरले घामको छायाँलाई

दश डिग्री पछाडि पार्नुभयो। आहाजले बनाएको घाम नाप्ने सुईमा त्यो देखिएको थियो (७ “ ‘परमप्रभु आफैले प्रतिज्ञा गर्नुभएको कुरो गर्नुहुनेछ भन्ने परमप्रभुको चिन्ह तिमीलाई यो हुनेछः ८ आहाजको सिँढ़ीमा घामको छाया, जो तल गइसकेको छ, म दश खुट्किला पछि सार्नेछु’।” यसैले घामको छाया तलतिर गएको भए तापनि दश खुट्किला पछि सऱ्यो' यशैया ३८:७-८)-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस, पृ. ३४२बाट रूपान्तरित।

"जब टाढा देशबाट आएका राजाका दूतहरू हेजकियाकहाँ आइपुगे तब उनलाई जीवित परमेश्वरको प्रशंसा र गुणगाण गर्ने अवसर मिलेको थियो। परमेश्वरको बारेमा सुनाउने त्यो अवसर उनलाई सजिलैसँग मिलेको थियो। सारा सृष्टिका मालिक र सारा सृष्टिलाई सम्हाल्नुहुने परमेश्वर र जिउने सबै आशा चक्नाचुर भएपछि परमेश्वरले उहाँलाई कसरी नयाँ जीवन दिनुभयो- आफूलाई चङ्गाइ गर्नुहुने परमेश्वरको साछि भएको ती पाहुनाहरूलाई उनले सुनाउन सक्थे।...

"**तर** राजा हेजकियामाथि आफ्नो राजकीय सम्मान, गौरब र यशको अभिमान र फुस्रो घमण्डको घोडा सवार भयो। परमेश्वरले आफ्ना जनहरूलाई धनदौलत दिएर सम्पन्न गर्नुभएको थियो तर राजा हेजकियाले आफू कति न कति धनी छु भनेर आँखाले लोभ्याउने खालका धनका भण्डारहरू ती पाहुनाहरूलाई देखाए। भनिन्छ "हिजकियाले ती राजदूतहरूलाई सहर्ष स्वागत गरे, र उनीहरूलाई आफ्नो भण्डारका सुन, चाँदी, मसलाहरू, सुगन्धित तेलहरू, आफ्ना सारा हतियार-गृह र आफ्नो कोषमा भएका सबै सामानहरू देखाइदिए। आफ्नो महल र आफ्नो राज्यमा तिनले उनीहरूलाई नदेखाएको कुनै पनि थोक थिएन।' यशैया ३९:२। परमेश्वरको महिमा देखाउन त होइन तर आफू कति महान् छु भनेर देखाउन ती विदेशी राजकुमारहरूलाई ती खजानाहरू राजा हेजकियाले देखाएका थिए।"-पृ. ३४४,३४५बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ. अश्शूर देशका राजाका अधिकारीहरू जस्तै शैतान पनि कस्तो हुनसक्छ? तपाईंले पाप गऱ्यो भनेर सुनाउँदा के उसले सबै सत्य कुरा नै गर्छ र? हेर्नुहोस्, जकरिया ३:१ "तब उहाँले प्रधान पूजाहारी यहोशूलाई परमप्रभुका दूतको सामुन्ने उभिरहेका र शैतान तिनको विरोध गर्नलाई तिनको दाहिने हाततिर उभिरहेको मलाई**

देखाउनुभयो।" परमेश्वरले कसरी जवाफ दिनुहुन्छ? हेर्नुहोस् जकरिया ३:२-५ "२ परमप्रभुले शैतानलाई भन्नुभयो "ए शैतान, परमप्रभुले तँलाई हकारून्। यरूशलेमलाई चुन्नुहुने परमप्रभुले तँलाई हकारून्! के यो मानिस आगोबाट निकालिएको अगुल्टो होइन र?" ३ अब यहोशूचाहिँ स्वर्गदूतको अगि फोहोर लुगा लगाएर उभेका थिए। ४ तब ती स्वर्गदूतले आफ्नो सामुन्ने उभिरहनेहरूलाई भने, "त्यसको फोहोर लुगाहरू फुकालिदेओ।" तब तिनले यहोशूलाई भने, "हेर, मैले तिम्रा पाप दूर गरिदिएँ, र म तिमीलाई दामी-दामी लुगा लगाइदिनेछु।" ५ तब मैले भनें, "तिनको शिरमा एउटा सफा फेटा लगाइदेऊ।"यसैले तिनीहरूले तिनलाई एउटा सफा फेटा र लुगा लगाइदिए, र परमप्रभुका स्वर्गदूत नजिक उभिरहेका थिए।" शैतान वा उसका मानवीय दूतहरूले नै किन नहुन् जब हामीलाई अनेकौं दोषहरू लगाउँछन् भने तिनीहरूबाट सुरक्षित हुने केवल एउटामात्र हाम्रो लागि आशा के छ? हेर्नुहोस्, रोमी ८:१ "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन।"

आ. जब तपाईंलाई परमेश्वरले क्षमा दिनुभएर थाहै पाएतापनि शैतानले तपाईंलाई दोष लगाउन छोड्छ र? हेर्नुहोस्, प्रकाश १२:१० "तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ।" तपाईंलाई परमेश्वरले तपाईंको पाप क्षमा गर्नुभयो भनेर थाहा पाएपछि पनि तपाईंको पापले गर्दा तपाईं उसको चङ्गुलमै छ भनेर तपाईंलाई हरेस ख्वाउने उसको रणनीत कस्तो छ? हेर्नुहोस्, व्यवस्था १९:१५-२१ "१५ कसैको दोष वा अपराधमा एउटा मात्र साक्षीको बयानको आधारमा कसैलाई दण्ड नदिनू। दुई वा तीन साक्षीको बयानद्वारा मात्र अभियोग कायम गर्न सकिन्छ। १६ कसैमाथि दोषारोपण गर्न कोही दुष्ट मानिस खड़ा भयो भने, १७ वादी र प्रतिवादी दुवै तत्कालीन पूजाहारी र न्यायकर्ताहरूका सामुन्ने परमप्रभुको अगि आउनुपर्छ। १८ तब न्यायकर्ताहरूले तिनीहरूलाई राम्ररी केरकार गर्नुपर्छ। यदि साक्षी झूटो रहेछ र आफ्नो भाइको

**विरुद्धमा झूटो बयान दिएको रहेछ भने, १९ त्यसले आफ्नो भाइमाथि जे गर्ने विचार गरेको थियो त्यसलाई त्यसै गर्नू। तिमीहरूले आफ्नो मध्यबाट खराबीलाई हटाउनुपर्छ। २० यो सुनेर अरूहरू डराउनेछन्। त्यसपछि तिमीहरूका बीचमा यस्तो खराबी कहिले हुनेछैन। २१ तिमीहरूले नटिठ्याउनू। ज्यानको साटो ज्यान, आँखाको साटो आँखा, दाँतको साटो दाँत, हातको साटो हात र गोड़ाको साटो गोड़ा हुनेछ" (झुठा आरोप र दुष्ट साछीहरू खडा गरेर अरूलाई खसाल्ने बानी)।**

**साराँशः** परमेश्वरलाई विश्वास गर्ने राजाको क्रन्धन सुनेर उहाँले उहाँका जाहरूलाई उद्धार गर्नुभएको थियो र उहाँ को हुनुहुन्छ भनेर देखाउनुभएको थियोः इस्राएलको वास्तविक सर्बशक्तिमान राजा परमेश्वर नै हुनुहुन्छ। यस संसारको भविष्यलाई उहाँले नै सम्हाल्नुहुन्छ। आफ्ना जनहरूलाई नाश गर्न प्रयास गर्नेहरूलाई उहाँले नै नाश गर्नुहुनेछ र मानिसहरू जतिसुकै बेबिलोनीय प्रवृत्तिका भएर पतन भएपनि यदि उहाँका मार्गहरूमा चले भने तिनीहरू उहाँका जनहरू हुने अवसर उपलब्ध गराउनुहुन्छ।

## कथा ७

## चर्च जान स्कूल नजाने

## येलिना, १६, रुस

एघार वर्षकी यलिना रुसको डिमिट्रोभग्राड स्कूलबाट एक शनिबार दिउँसो घर फर्किन्दै थिइन्। त्यसबेला उनले अचानक सम्झिन् कि शनिबार त उनी चर्च जाने गर्थिन्। उनी चर्च नगएको धेरै समय भएको थियो र त्यस दिन चर्चको बारेमा उनले किन सोचिरहेकी छिन् भन्ने कुरामा थाहा भएन। तर उनको मनमा चर्च जाने अचानक इच्छा भयो। उनले आफ्नो आमालाई मोबाइलबाट फोन गरिन्। "आमा, हामी साबथमा चर्च जाने गर्थ्यौं, के तपाईंलाई थाहा छ? अहिले के म चर्च जान सक्छु?" उनले सोधिन्। "तिमी जान सक्छौ। मलाई सोध्नुपनि पर्दैन" आमाले जवाफ दिइन्।

एलिना प्रबचनको समयमा चर्चमा आइपुगिन्। उनी चर्चमा पछाडिपत्तिको मेचमा बसिन्। त्यसपछि उनले आफ्नो पुराना साबथस्कूलको गुरुमालाई देखिन्। "फेरि आउनु" उनले भनिन्। यलिना मुस्सुक्क हाँसिन्। उनी चर्चमा फेर फर्किनु चाहेकी थिइन्।

जब यलिना सानै थिइन् उनका बाबु र आमा छुटेका थिए। तिनीहरूले उनलाई पाँचवर्ष नहुञ्जेल चर्चमा लैजाने गर्थे। अनि चर्चमा एक आपसमा भेट्न मन नपराएको हुनाले चर्च नै जान छोडे। अनि एलिना सरकारी स्कूलमा गइन् जहाँ सोमबारदेखि शनिबार क्लास लाग्थ्यो।

अर्को साबथ स्कूल सकिनेबित्तिक्कै यलिना तुरन्तै चर्चमा गइन्। उनले प्रवचन बुझ्न सकेकी थिइनन् तर बुझ्न त कोशिश गरिन्। उनलाई चर्च जान मनपर्थ्यो किनकी चर्चमा सानैदेखि परमेश्वरको आराधना गर्थी। चर्चमा अरूहरू केटाकेटीहरूसँग रहन उनी मनपराउँथिन्। केही समयपछि चर्च जानको लागि उनी शनिबार स्कूल नजान थालिन्। एक महिनापछि उनले आफ्नी दिदी ओकासनालाई पनि चर्चमा सँगै जान अनुरोध गरिन्। दिदी १३ वर्षकी थिइन्। उनले पनि हुन्छ भनिन्। तिनीहरूसँगसँगै शनिबार स्कूल नगइकन चर्च जान थाले। दिदी बहिनी चर्च जान थालेकोले आमा पनि तिनीहरूसँग चर्च जान थालिन। केही समयपछि केही केटाकेटीहरू तिनीहरूको आमाबाबुसँगै अन्त सरे। अरू केटाकेटीहरू चर्चमा आउन छोडे। अनि एलिनकी आमा पनि चर्च जान छोडिन्। त्यसपछि यलिना पनि प्रत्येक साबथ

चर्च जान छोडिन्। एक साबथ एक जना चर्चको विश्वासीले एलिना चर्चमा आउन छोडेकी थाहा पाइन्। उनले एलिनालाई भेटेर चर्चमा साउण्ड मिलाउन सहयोग गर्न अनुरोध गऱ्यो। उनले हुन्छ भन्यो। अब उनी चर्चमा जानै पर्ने भयो किनकि चर्चका सदस्यहरूलाई उनको आवश्यकता भएको थियो। जब उनी चर्च गइन् उनले बाइबल पनि पढ्न थालिन् र एलेन जी ह्वाइटका पुस्तकहरू पनि पढ्न थालिन्। उनलाई "द ग्रेट कन्त्रोभर्सी" किताब विशेष गरेर मन परेको थियो। यलिनाले साबथ स्कूलमा जानेगरेकी र मन पराएकी आमाले देखिन्। एलिनाले चर्चका ठूला विश्वासीहरूलाई साथी बनाएको पनि आमाले देखिन्। अनि उनी पनि फेरि चर्चमा जान थालिन्। प्रभुभोजपछि आमाले यलिनालाई सोधिन् "यलिना के तिमी बप्तिस्मा लिन चाहन्छ्यौ?" यलिना आफै पनि बप्तिस्मा लिने कुरा सोचिरहेकी थिइन्। आमाले सोध्ने बित्तिक्कै एलिनाले आफ्नो हृदय येशूलाई दिन चाहेको भनिन्। एलिनाले बप्तिस्माको क्लास लिन थालिन् र पछि बप्तिस्मा पनि लिइन्। बप्तिस्मा दिने पानी ट्याङ्कीको पानी धेरै चिसो थियो। तर जब उनी ट्याङ्कीबाट बाहिर आइन् उनको हृदय न्यानो आनन्दले भरिएको थियो। उनको जीवनमा उनले अत्यन्तै उत्तम निर्णय गरेकी थिइन्। उनले आफ्नो हृदय येशूलाई सुम्पेकी थिइन्।

एलिनाले शनिबार स्कूलमा फेरि कहिल्यै पनि गइनन्। एलिनाकी आमाले स्कूलको प्रिन्सिपललाई एलिना शनिबार स्कूल नगइकन चर्च जान अनुमति माग्दै पत्र लेखिन्। एलिनाले त शनिबार स्कूल जानुनपर्ने अनुमति पाइन् तर शनिबारमा दिने होमवर्कचाहीँ गर्नुपर्ने भयो। कक्षामा राम्रो हुन उनले मेहनत गरिन्। अहिले उनको लागि शनिबारको होमवर्क गर्नु नपर्ने भएको छ। एक वर्षपछि उनले ६०० माइल वा १००० किलोमिटर पर रहेको जाओस्की सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको बारेमा सुनिन् र त्यहाँ जान चाहिन्। त्यहाँ पढ्न उनको पैसा थिएन तर चर्चको एकजना विश्वासीले उनलाई सहयोग गर्न चासो देखायो। यो कथा लेख्दै गर्दा उनी १६ वर्षकी भएकी छिन् र एघार क्लासमा पढ्दै छिन्।

"यस स्कूलमा पढ्नु अत्यन्तै रमाइलो छ। गुरु र गुरुआमाहरू दयालु छन्। मेरो पढाइमा तिनीहरूले सहायता गर्छन्। शनिबार क्लास नभएकोले मलाई धेरै खुशी लाग्छ" एलिनाले यस लेखकलाई सुनाइन्।

**-आन्ड्र्यु मेकचेस्नी**